# वैदेशिक रोजगारको अवस्था र प्रभाव

## (ढुँउपुर गा.वि.स. पर्वत, एक समाज शास्त्रीय अध्ययन)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान अन्तर्गत समाजशास्त्र मानवशास्त्र विषयको स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि समाजशास्त्र मानवशास्त्र विभाग पृथ्वीनारायण क्याम्पस, पोखरामा प्रस्तुत

## शोधपत्र


**रामप्रसाद गौडेल**

**रोल नं. : १९/०६२**

**त्रि.वि.वि. रजिष्ट्रेशन नं. २५०९/८३**

**पृथ्वीनारायण क्याम्पस, पोखरा**


**२०६६**

# शोधनिर्देशकको सिफारिस

प्रस्तुत "बैदेशि रोजगारको अवस्था र प्रभाव" शीर्षकको शोधपत्र श्री रामप्रसाद गौडेलले मेरो निर्देशनमा स्थलगत सर्वेक्षण गरी तयार गर्नु भएको हो । त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस मानविकी तथा सामाजिक शास्त्र संकाय, समाजशास्त्र मानवशास्त्र विभागमा उचित मूल्याङ्कनका लागि शोध निर्देशकका हैसियतले सिफारिस गर्दछु ।

मिति : २०६६/०७/११

अर्जुनप्रसाद पोखरेल
शोध निर्देशक
समाजशास्त्र मानवशास्त्र विभाग
मानविकी तथा सामाजिक शास्त्र संकाय
पृथ्वीनारायण क्याम्पस, पोखरा

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर समाजशास्त्र मानवशास्त्र विषय अन्तर्गत एम.ए. तहको उपाधिको निमित्त पूर्वावश्यक आंशिक आवश्यकताको परिपूर्तिका लागि श्री रामप्रसाद गौडेलले प्रस्तुत गर्नुभएको “बैदेशि रोजगारको अवस्था र प्रभाव” शीर्षकको शोधपत्रको मूल्याङ्कन गरी स्वीकृत गरेका छौं ।

शोधपत्र मूल्याङ्कन समिति

शान्ती भुषाल ...............................

विभागीय प्रमुख

अर्जुनप्रसाद पोखरेल ...............................

शोध निर्देशक

डा. लेखनाथ भट्टराई ...............................

बाह्य परीक्षक

मिति : २०६६/०७/१६

# त्रिभुवन विश्व विद्यालय
# मानविक तथा सामाजिक शास्त्र संकाय अन्तर्गत
# पृथ्वीनारायण बहुमुखी क्याम्पस समाजशास्त्र विषयको
# स्नातकोत्तर तह दोस्रो वर्ष आठौ पत्रको प्रयोजनको लागि प्रस्तुत

## भाषा सम्पादकको मन्तव्य

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय पृथ्वीनारायण क्याम्पस अन्तर्गत स्नातकोत्तर तह समाजशास्त्र/मानवशास्त्र विभाग, दोस्रो वर्षको आठौ पत्रको प्रयोजनका लागि समूह २०६२ क्रमाङ्क १९ का विद्यार्थी रामप्रसाद गौडेलले निकै परिश्रमपूर्वक तयार पार्नु भएको देउपुर गा.वि.स. पर्वतको समाज शास्त्रीय अध्ययन अन्तर्गतको “वैदेशिक रोजगारको अवस्था र प्रभाव” शीर्षकको प्रस्तुत शोधपत्र भाषिक दृष्टिकोणले सन्तोषजनक रहेको कुरा प्रमाणित गर्दछु ।

मिति : २०६६।

.........................

सह-प्रध्यापक

भाषा सम्पादक

# कृतज्ञता

"बैदेशिक रोजगारको अवस्था र प्रभाव" अनुसन्धान शीर्षक पर्वत जिल्ला देउपुर गा.वि.स. को समाजशास्त्रीय अध्ययनको शोध-पत्र, मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान अन्तर्गतको स्नातकोत्तर तहको आठौं पत्र पूरा गर्ने उद्देश्यले समाजशास्त्र, मानव शास्त्र विभाग त्रिभुवन विश्व विद्यालय पृथ्वी नारायण क्याम्पस पोखरा नेपालमा तयार पारिएको हो । बर्तमान अवस्थामा समाजको जल्दोबल्दो समस्याको रुपमा रहेको यो शीर्षकको प्रस्तावनाको स्वीकृती पछि शोधपत्र तयार गर्ने काममा निर्देशन दिनको लागि मलाई बिभागले स्व. खुमनाथ बराल (सुमन) सरलाई तोकिदिनु भएको थियो । उहाँले प्रश्नावली तयार पार्ने लगायत शोधपत्रको खाकाको बारेमा महत्वपूर्ण सल्लाह दिईरहेको अवस्थामा २०६५ फाल्गुण ७ मा उहाँको असामयिक मृत्यु भएको खवरले मलाई स्तब्ध पारेको थियो । त्यसपछि विभागको सम्पर्कपछि शोधपत्रको निरीक्षक भै काम गरिदिन श्री अर्जुन प्रसाद पोखरेललाई तत्कालीन विभाग प्रमुख डा. श्री विश्वकल्याण पराजुलीले जिम्मेवारी दिएपछि शोधपत्र निरीक्षक श्री अर्जुन प्रसाद पोखरेलले शोधपत्र लेखनको लागि अमूल्य साहस, समर्थन, रचनात्मक आलोचना, उचित टिप्पणी र सुझावहरु दिई शोध पत्र तयार पार्न सहयोग पुऱ्याउनु भएकोले आदरणीय गुरु प्रति अतुलनीय र अविश्मरणीय रुपमा ऋणी भएको महशुस गरेको छु ।

देउपुर गा.वि.स.का मानिसहरु जुन यस शोधपत्रका उत्तरदाताहरु, समूह छलफलका सहभागीहरु, सामाजिक कार्यकर्ता, शिक्षक र जसले प्रश्नावली गराउन र अन्य सूचनाहरु संकलन गर्न सहयोग पुऱ्याएका थिए जव की उनीहरुको सहयोग विना यो कार्य संभव थिएन, उहाँहरु सम्पूर्ण प्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु । शोधपत्र तयार पार्नका लागि सहयोग पुऱ्याउने देउपुर गा.वि.स.का प्रा.स. श्री रुद्रप्रसाद तिवारी, श्री नवज्योति मा.वि.का शिक्षक श्री जगत मल्ल र श्री जन नेत्र मा.वि.का शिक्षक सूर्यप्रसाद शर्मा ज्यूहरुले महत्वपूर्ण सहयोग र सूचनाहरु उपलब्ध गराउनु भएको थियो । यस्तै गरी विस्तृत धन्यबादको लागि देउपुर गा.वि.स. सचिव गोविन्दबहादुर क्षेत्री, कृषि सेवा केन्द्र, पातीचौरका नारायणप्रसाद पौडेल, पशु सेवा केन्द्र पातीचौरका निर्मला गैह्रे पर्दछन् । त्यस्तै गरी यो शोधपत्र तयार पार्नको लागि अति आवश्यक पर्ने महत्वपूर्ण सूचनाहरु प्राप्त गर्नका लागि सहयोग पुऱ्याउने नेपाल सरकार श्रम विभाग, मेन पावर एजेन्सीहरु, केन्द्रीय पुस्तकालय, कीर्तिपूर र पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय पृथ्वीनारायण क्याम्पस पोखराप्रति पनि आभार प्रकट गर्न चाहन्छु । अन्त्यमा शोधपत्र लेखनलाई कम्प्युटर टाइप तथा प्रिन्ट तयार पारी दिन सहयोग पुऱ्याउने परफेक्ट कम्प्यूटर ईन्स्टिच्यूट, पर्वत, कुश्माका संचालक श्री नारायणप्रसाद गौतम र हिमा गौतमप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु । सोध पत्र लेखन गर्न उचित वातावरण र कार्यक्षेत्र अध्ययनको समयमा र तथ्याङ्कको विश्लेषण गर्ने समयमा सहयोग पुऱ्याउने परिवारका सदस्यहरुमा आमा, मुवादेवी गौडेल, जीवन संगीनी अम्बिका गौडेल र छोरीहरु मिनु कंडेल, रितिका गौडेल प्रति पनि कृतज्ञता प्रकट गर्दछु ।

- रामप्रसाद गौडेल

# शोध-सार

नेपालको बैदेशिक रोजगारको इतिहास लामो छ । विषेश गरी सुगौली संन्धी (१८१६) पछि व्रिटिश भारतीय सरकारले नेपालीहरुलाई ब्रिटिश भारतीय सेनामा भर्त्ती गर्न शुरु गरे पछि बैदेशिक रोजगारको ढोका खुलेको हो । जुन अहिले सम्म जारी छ । सीमित स्रोत साधन कम उत्पादकत्व, वेरोजगारीले गर्दा ग्रामीण क्षेत्रका मानिसहरुलाई रोजगारीमा जान बाध्य बनाएको छ । वर्तमान अवस्थामा भारतका साथै अन्य देशमा रोजगारको लागि जाने प्रवृत्ति बढीरहेको छ । अन्तराष्ट्रिय श्रम बजारको विश्व व्यापीकरण भएको अवस्थामा नेपाली पनि यस देखि टाढा रहन सकेका छैनन् । यसकारण नेपालीहरु पनि विश्वको विभिन्न भागमा रोजगारीका लागि पुगेका छन् । विषेश गरी मध्यम वर्गका नेपालीहरुले वैदेशिक रोजगारका लागि खाडीराष्ट्रहरु र पूर्वी एशियाका देशहरुमा जान्छन् । किन कि ती देशहरुमा प्राप्त हुने रोजगारले आकर्षक गर्न सक्दछन् ।

बैदेशिक रोजगार नेपालको राष्ट्रिय आयको मुख्य स्रोत भएको छ । जसले कुल गाह्रस्थ उत्पादनको १२% भाग ओगटेको छ । वैदेशिक रोजगारमा थुप्रै किसिमका समस्याहरु भएता पनि विप्रेषण घर परिवारको महत्वपूर्ण आम्दानीको स्रोत भएको छ । यसले गर्दा जीविकोपार्जनको नयाँ रणनीति तयार भै घर परिवारको सामाजिक आर्थिक अवस्थामा ठूलो प्रभाव पारेको छ । त्यसकारण यस अध्ययनको सामान्य उद्देश्य वैदेशिक रोजगारमा जाने प्रवृतिले उद्‌गम स्थलको सामाजिक आर्थिक प्रभावहरु जाँच गर्नु रहेको छ । विशिष्ठ उद्देश्यहरुमा वैदेशिक रोजगारमा जान प्रभाव पार्ने कारणहरु विश्लेषण गर्नु, परिवारमा आएको सामाजिक, आर्थिक प्रभावहरु पहिल्याउनु र युवा शक्ति विदेशीनाले स्थानिय जन जीवनमा परेको प्रभाव उल्लेख गर्नु रहेको छ । यस अध्ययन खाडी राष्ट्रहरु, मलेशिया र अन्य देशहरुको अध्ययनसँग सम्वन्धित छ ।

वैदेशिक रोजगारको अवस्था र प्रभाव विषय शीर्षकमा पर्वत जिल्लाको देउपुर गा.वि.स वडा नं ५ र ९ को पातीचौर र टापुमा २०६५ आश्विन महिनामा कार्यक्षेत्र अध्ययन गरिएको थियो । त्यहाँ प्रवासिका घरपरिवार जम्मा १०२ छन् । तिनीहरु मध्ये उद्देश्यमूलक नमूना छनौट विधिवाट ७५ घर परिवारलाई नमूना छनौट गरिएको छ । २०६५ आश्वीन महिनामा वैदेशिक रोजगारवाट घर आएका व्यक्तिहरु नै मुख्य उत्तरदाताहरु हुन् ।

यस अध्ययनले उद्देश्यहरुसँग सम्वन्धित भएर अध्ययन गर्ने प्रयास गरेको छ । अनुसन्धानमा विभिन्न विधिको प्रयोग गरिएको छ । जस्तो- उत्तरदाताको लागि संरचित र असंरचित प्रश्नावली, मुख्य जानकारहरुको सूचना, नमूना छनौटका प्रवासी वाहेकका समूह छलफलमा सहभागीहरु, सामाजिक कार्यकर्ता, शिक्षक र नेताहरुलाई राखिएको छ । वैयक्तिक अध्ययनवाट परिणात्मक, परिमाणात्मक सूचनाहरु लिइएको थियो । मुख्य गरी यस अध्ययनमा निम्न समस्यामाथि जोड दिइएको थियो ।

- प्रवासीका सामाजिक-आर्थिक र जनसाङख्यिय विषेशताहरु ।
- वैदेशिक रोजगारको कारण र समस्याहरु ।

- सूचनाको स्रोत र संजाल पहुँच ।
- वैदेशिक रोजगारको लागत र लगानीको स्रोत ।
- प्रवासीको काम र आम्दानीको प्रकृति ।
- घर परिवारको सम्पत्तिमा विप्रेषणको प्रयोगको प्रभाव ।
- प्रवासीको जीवन शैली र सीपमा परिवर्तन ।
- वैदेशिक रोजगार प्रतिको दृष्ट्रिकोण ।

**प्राप्त सूचना र अध्ययनको आधारमा निम्न बमोजिको निचोड रहेको छ ।**

उत्तरदाताको वहुमतमा व्राह्मण (४४%), त्यसपछि क्षेत्रीको १७.३%, मगरको १२%, दलितको २.७% रहेको छ । अध्ययनको क्षेत्रमा दलित विषेश अधिकार मुनीको सूह देखियो किन कि ३५.५% दलितको जमिन छैन भने २५% दलितको ५ रोपनी भन्दा कम जमिन छ । अधिकांश दलितले उच्च जातका व्राह्मण क्षेत्रीको खेतवारीको काममा काम गर्दछन् । दलितको स्रोत साधनमा कम पहुँच भएकोले वैदेशिक रोजगारलाई हृदयदेखि स्वागत गरेका छन् ।

वैदेशिक रोजगारको कारणको सम्वन्धमा आकर्षण गर्ने तत्व भन्दा विकर्षण गर्ने तत्व वढी जिम्मेवार छ । अधिकांश उत्तरदाताले वैदेशिक रोजगारको कारण वहुउत्तर दिएका छन् । जस्तै वेरोजगारी, खाद्यन्नको अभाव, भौतिक सुविधाको कमी, घर परिवारको खर्चमा वृद्धि, ऋणग्रस्तता विद्रोह, असुरक्षा र परीवारीक तथा सामाजिक द्वन्दहरु नै अध्ययन क्षेत्रमा वैदेशिक रोजगारमा जानु पर्ने प्रमुख कारणहरु देखिएका थिए । त्यस्तै गरी सजिलै काम पाउन सकिने, गन्तव्य स्थलमा साथी तथा नातेदार हुनु, राम्रो आम्दानी हुने तलवमान र सजिलो पहुँच मुख्य आकर्षण गर्ने तत्व भएको उत्तरदाताले वताएका थिए ।

वैदेशिक रोजगारमा जाने प्रक्रियामा ४९.४% उत्तरदाताहरु नराम्रोसँग ठगिएका थिए । तिनीहरुले पैसा, पासपोर्ट र नक्कली प्रवेषाज्ञाद्धारा ठगिएको वताएका थिए । २.७ प्रतिशत उत्तरदाता दलालको गलत कागजातको कारण तत्कालै फर्केका थिए । मेनपावर एजेन्सीहरु भन्दा दलालहरु ठगी गर्ने कार्यमा वढी जिम्मेवार रहेका थिए । यस्तै गरी ३५% प्रवासीले गन्तव्य स्थलमा शारीरिक मानसिक आर्थिक शोषणको सामना गर्नु परिरहेको थियो ।

अध्ययन क्षेत्रमा विभिन्न देशहरुको वैदेशिक रोजगारमा जानको लागि आवश्यक पर्ने सूचना विभिन्न स्रोतबाट प्राप्त भएका थिए । जस्तै दलालहरुवाट (५६%), साथी नातेदारवाट (४१.३४%) र संचार माध्यमवाट (२.६६%) । वैदेशिक रोजगारमा गएका उत्तरदाताले उसको साथी वा नातेदारलाई तुलनात्मक रुपमा राम्रो तलवमा र कम मानसिक तनाव हुने गरि लगेको पाइयो । दलालहरुको माध्यमवाट रोजगारमा जानेहरु उनीहरुबाट प्रशस्त मात्रामा ठगिएको पाइयो । अधिकांश उत्तरदाताहरुले लगानीको स्रोतमा वहुउत्तर दिएका थिए । अधिकांश उत्तरदाताहरु गरिव र स्रोत साधनमा कम पहुँच भएका थिए । तिनीहरुले वैदेशिक रोजगारमा जानको लागि विभिन्न स्रोतहरु जस्तो आफ्नै खर्चमा, व्यक्ति ऋण र आफ्नो सम्पत्तिको विक्री गरी लगानीको व्यवस्थापन गरेका थिए । ५६% दलितहरुले वैदेशिक रोजगारमा जानको लागि व्यक्तिवाट चर्को व्याजदरमा ऋण

लिएका थिए । उक्त व्याजदर २४% देखि ३६% सम्म थियो । ९.२% उत्तरदाताले चर्को व्याजदरको कारण ऋण फिर्ता गर्न सक्षम भएका थिएनन् । यस्तै गरी वैदेशिक रोजगारको लगानीका सम्वन्धमा प्रति व्यक्ति ३०,०००।- देखि १,३०,०००।- सम्म लगानी गरेका देखिन्छ । ४९.३३% उत्तरदाताको लगानी ७०,०००।- देखि ९०,०००।- थियो । वैदेशिक रोजगारको लगानीलाई व्यक्तिगत सञ्जाल र शैक्षिक स्थितिले उच्च प्रभाव पारेको छ, ठगीको कारणले पनि लगानी उच्च भएको देखिन्छ ।

कार्यक्षेत्र अध्ययनको समयमा नेपाली कामदारहरु खाडी राष्ट्र र मलेसियामा अंग्रेजी अक्षर 3D (Danger, Dirty and Difficult) वाट वढी प्रभावित भएको पाइयो । सम्पूर्ण उत्तरदाताहरु विभिन्न क्षेत्रको काममा संलग्न भएको पाइयो । जस्तै निर्माणमा (३२ प्रतिशत), उद्योग (२८%), होटल (९.३३), यातायातमा (८%), घर (५.३४%) र अन्यमा (१७.३३%) । वैदेशिक रोजगारवाट नेपालीहरुले ८०००-२०००० सम्म तलव पाएको देखिन्छ । होटल र यातायातमा काम पाउनेहरुको तलव अन्यको भन्दा वढी पाइयो । जम्मा उत्तरदातामा ७२% उत्तरदाताले अतिरिक्त काम गरेर छुट्टै भुक्तानी पाएको देखियो ।

वैदेशिक रोजगारवाट पाएको विप्रेषण मुख्यत ३ उद्देश्यको लागि प्रयोग भएको देखियो । पहिलो छोटो अवधिको उद्देश्यमा जस्तो जीविकोपार्जनको दैनिक आवश्यकतामा खर्च, दोस्रो मध्यम अवधिको उद्देश्य व्यवसायमा लगानी, बस्तुभाउ, घर मर्मत, ऋणको भुक्तानी आदि तेस्रो लामो अवधीको उद्देश्यमा जमिन र सम्पत्तिको खरिद, नयाँ घर निर्माण र बच्चाहरुको शिक्षामा लगानी । विप्रेषणले केही हदसम्म परनिर्भरताको संस्कृति बढाएता पनि केही हदमा गाउँले जीवनमा सुधार ल्याएको देखियो ।

यस्तै गरी वैदेशिक रोजगारले गाउँमा सकारात्मक र नकारात्मक प्रशस्त परिवर्तनहरु भएको देखियो । घर परिवारको सम्पत्ति र जीवन शैलीमा सुधार, सहयोगी धारणाको विकास, नयाँ सीप प्रविधि सिक्नमा साहस, शिक्षामा सुधार सकारात्मक परिवर्तन हुन् भने विदेशी उत्पादनको संस्कृति, उत्पादनमूलक भन्दा विलासी जीवन बिताउने इच्छा, कृषिमा कम रुची, मौलिक प्रविधिको विनास इत्यादी नकारात्मक प्रभाव हुन् ।

बैदेशिक रोजगारप्रतिको धारणामा उत्तरदाताहरुको विभिन्न दृष्टिकोणहरु देखियो । अधिकांश उत्तरदाताको (७०.६७%), मध्ययम किसिमको २६.६% को सकारात्मक र २.६६% को नकारात्मक धारणा पाइयो । यद्यपी विभिन्न किसिमको दृष्टिकोण देखिएता पनि ग्रामीण जीविकोपार्जन गर्नको लागि महत्वपूर्ण भूमिका भएकोमा सवैको सहमति थियो । तिनीहरुले बैदेशिक रोजगारको प्रक्रियालाई सुरक्षित, सजिलो र निस्पक्ष बनाउने कुरामा जोड दिएका थिए ।

# विषय सूची


| | | पेज नं |
|---|---|---|
| | **कृतज्ञता** | i |
| | **शोध-सार** | ii |
| | **विषय सूची** | v |
| | **तालिकाको सूची** | ix |
| | **चित्रहरुको सूची** | x |
| | **संक्षिप्त शब्दावलीहरुको सूची** | xi |
| | **अध्ययन क्षेत्रको नक्सा** | xii |
| | **अध्याय १** | |
| | **परिचय** | १-८ |
| १.१ | भूमिका | १ |
| १.२ | समस्याको कथन | ३ |
| १.३ | अध्ययनको उद्देश्य | ४ |
| १.४ | अवधारणागत ढाँचा | ५ |
| १.५ | अध्ययनको महत्व | ६ |
| १.६ | अध्ययनको सीमा | ७ |
| १.७ | पीरभाषिक शब्दहरु | ७ |
| १.८ | अध्ययनको संगठन | ८ |
| | **अध्याय २** | |
| | **पूर्व साहित्यको समीक्षा** | ९-२२ |
| २.१ | सैद्धान्तिक वर्णन | ९ |
| २.२ | श्रम बसाइसराइको सैद्धान्तिक व्याख्या | ११ |
| २.३ | श्रम बसाइ सराइ र विश्व व्यवस्था सिद्धान्त | १२ |
| २.४ | नेपालमा अन्तराष्ट्रिय श्रम बसाइसराइको अध्ययन | १३ |
| २.५ | नेपालमा उत्प्रवासको संख्यात्मक अध्ययन | १८ |
| २.६ | आप्रवास र उत्प्रवास | २० |

पेज नं

## अध्याय ३

## अनुसन्धान विधि

२३-२७

| | | |
|---|---|---|
| ३.१ | अध्ययन क्षेत्र छनौटको आधार | २३ |
| ३.२ | अनुसन्धान ढाँचा | २३ |
| ३.३ | तथ्याङ्कहरुको प्रकृति र स्रोत | २४ |
| ३.४ | नमूना कार्यविधि | २४ |
| ३.५ | तथ्याङ्क संकलन विधी | २५ |
| ३.६ | पूर्व परिक्षण | २५ |
| ३.६.१ | अन्तरवार्ता अनुसूची | २५ |
| ३.६.२ | समुह छलफल | २५ |
| ३.६.३ | अवलोकन | २६ |
| ३.६.४ | वैयक्तिक अध्ययन | २६ |
| ३.६.५ | जानकारहरुसँगको अन्तरवार्ता | २६ |
| ३.७ | तथ्याङ्क संकलनको विधि | २७ |
| ३.८ | विश्वासनीयता र समस्याहरु | २७ |
| ३.९ | कार्यक्षेत्रका समस्याहरु | २७ |


## अध्याय ४

२८-४४

## नमूना घर परिवार र प्रवासीको जनसाङ्ख्यिकीय सामाजिक आर्थिक पृष्ठभूमी


| | | |
|---|---|---|
| ४.१ | अध्ययन क्षेत्रको परिचय | २८ |
| ४.२ | जनसाङख्यकीय संरचना | २९ |
| ४.२.१ | परिवारको आकार, उमेर र लिङ्ग बनावट | २९ |
| ४.२.२ | लिङ्ग अनुसार वैवाहिक स्थिति | ३१ |
| ४.२.३ | गन्तव्य स्थान | ३२ |
| ४.२.४ | विदेशमा विताएको अवधि | ३३ |
| ४.३ | सामाजिक संरचना | ३४ |
| ४.३.१ | जात र जातीयता | ३५ |
| ४.३.२ | शिक्षाको अवस्था | ३६ |
| ४.३.३ | भाषा र धर्म | ३७ |

पेज नं

४.३.४ सामाजिक तह ३८

४.४ आर्थिक संरचना ३८

४.४.१ नमूना घर परिवारको पेशागत स्थिति ३९

४.४.२ नमूना घर परिवारमा भू-सम्पत्तिको ढाँचा ४०

४.४.३ नमूना घर परिवारका खाद्यन्न पर्याप्तताको अवस्था ४१

४.४.४ नमूना घर परिवारको वैदेशिक रोजगारमा जानु अगाडी ऋण ग्रस्तताको अवस्था ४२

४.४.५ बस्तुभाउको अवस्था ४४

अध्याय ५

वैदेशिक रोजगारमा जाने कारण, लगानी र स्रोत ४५-५७

५.१ वैदेशिक रोजगारमा जानाका कारण ४५

५.२ वैदेशिक रोजगारमा जाने ठाउँको रोजाइका कारणहरु ५१

५.३ सञ्जालको पहुँच ५३

५.४ बैदेशिक रोजगारको आर्थिक र सामाजिक मूल्य ५५

५.४.१ बैदेशिक रोजगारको लगानी र स्रोत ५५

अध्याय ६

श्रम बसाइसराइको प्रभाव ५८-७९

६.१ कृषिमा प्रभाव ५८

६.२ विप्रेषण र यसको प्रभाव ६०

६.२.१ वैदेशिक रोजगारको आम्दानी ६१

६.२.२ विप्रेषणको प्रयोग ६३

६.३ घर परिवारको सम्पत्तिमा परिवर्तन ६५

६.४ जीवनशैलीमा परिवर्तन ६८

६.५ प्रवासीको वैदेशीक रोजगार अगाडि र पछाडिको सीप ६९

६.६ श्रम वसाइ सराइसँग सम्वन्धित समस्याहरु ७०

६.६.१ परिवारका समस्याहरु ७१

६.६.२ वैदेशिक रोजगाकरो प्रक्रियाको अवधिमा ठगयाई ७३

६.६.३ श्रम प्रवासीले गन्तव्य स्थलमा सामना गर्नुपर्ने समस्याहरु ७५

पेज नं

६.७ वैदेशिक रोजगारप्रतिको दृष्टिकोण ७६

६.८ वैदेशिक रोजगारकर्ताको सामाजिक मूल्य ७८

अध्याय ७

सारंशा, निष्कर्ष र सुझाव ८०-८५

७.१ सारंश ८०

७.२ निष्कर्ष ८३

७.३ सुझाव ८४

सन्दर्भ सूची

अनुसूची १

अनुसूची २

अनुसूची ३

अनुसूची ४

अनुसूची ५

# तालिकाको सूची


| तालिका नं. | शीर्षक | पेज नं |
|---|---|---|
| २.१ | नेपालको अनुपस्थित जनसंख्याको परिणाम | १८ |
| २.२ | नेपालमा उत्प्रवासीको प्रवृत्ति (१९९३/९४-२००१/०२) | १९ |
| २.३ | सन् २००२/०३ मा बैदेशिक रोजगारको लागि श्रम बसाइसराइ | २० |
| २.४ | अन्तराष्ट्रिय बसाइसराइ | २१ |
| ३.१ | छनौट गरिएका नमुना घरधुरीहरु | २४ |
| ४.१ | उमेर र लिङ्ग अनुसारको जनसंख्याको बनावट | २९ |
| ४.२ | उत्तर दाताको उमेर र लिङ्ग अनुसारको बनोट | ३० |
| ४.३ | नमूना जनसंख्याको बैवाहिक स्थिति | ३१ |
| ४.४ | लिङ्ग अनुसार उत्तरदाताको वैवाहिक स्थिति | ३२ |
| ४.५ | गन्तव्य स्थानमा उत्तरदाताको प्रतिशत विवरण | ३३ |
| ४.६ | जात/जातीय अनुसार उत्तरदाताको शैक्षिक स्थिति | ३७ |
| ४.७ | नमूना घर परिवारमा सामाजिक तह | ३८ |
| ४.८ | नमूना घर परिवारका सदस्यहरुको बर्तमान पेशागत संरचना | ३९ |
| ४.९ | वैदेशिक रोजगारमा जानु अगाडि उत्तरदाताको कामको प्रकृति | ४० |
| ४.१० | नमूना घर परिवारको जात जाति अनुसारको भू-सम्पत्तिको ढाँचा विवरण | ४१ |
| ४.११ | नमूना घर परिवारको जात जातीयता अनुसारको खाद्यन्न पर्याप्तताको अवस्था | ४२ |
| ४.१२ | नमूना घर परिवारको वैदेशिक रोजगारमा जानु अगाडि ऋण ग्रस्तताको अवस्था | ४३ |
| ४.१३ | नमूना घर परिवारको वस्तुभाउको स्थिति | ४४ |
| ५.१ | वैदेशिक रोजगारको कारण (विकर्षण गर्ने तत्व) | ४६ |
| ५.२ | बैदेशिक रोजगारमा खाडी राष्ट्रहरु छनौट गर्नुको कारणहरु (आकर्षण गर्ने तत्वहरु) | ५१ |
| ५.३ | बैदेशिक रोजगारको लागि लगानी रकम | ५५ |
| ५.४ | जात जातीयता अनुसार वैदेशिक रोजगारका लागि लागानीको स्रोत | ५६ |
| ६.१ | रोजगार क्षेत्रमा उत्तरदाताको मासिक आम्दानी | ६२ |
| ६.२ | अध्यय क्षेत्रमा विप्रेषणको प्रयोगको क्षेत्र | ६४ |
| ६.३ | वैदेशिक रोजगारमा जानु भन्दा अगाडि र पछाडीको नमूना घर परिवारको घरेलु सुविधाहरुको स्थिति | ६६ |
| ६.४ | वैदेशिक रोजगारमा जानेको वैदेशिक रोजगारमा जानु अगाडि, पछाडि घरको स्थिति | ६७ |
| ६.५ | बैदेशिक रोजगार पछि उत्तरदाताको सीप दक्षता | ७० |
| ६.६ | उत्तरदाताका परिवारले सामना गर्नुपर्ने सामाजिक र मनोवैज्ञानिक समस्याहरु | ७१ |
| ६.७ | शिक्षा अनुसार उत्तरदातालाई ठगेको मुद्दा र प्रकार | ७३ |
| ६.८ | उत्तरदाताले गन्तव्य स्थलमा उपलब्ध गराइएको सुविधाको अवस्था | ७५ |
| ६.९ | उत्तरदाताले वैदेशिक रोजगारका लागि नयाँ व्यक्तिलाई दिएका सल्लाहहरु | ७८ |

# चित्रहरूको सूची


| चित्र नं. | शीर्षक | पेज नं |
| --- | --- | --- |
| २.१ | बैदेशिक रोजगारको लागि श्रम बसाइसराइ (२००२/२००३) प्रतिशतमा | २० |
| ४.१ | उत्तरदाताको उमेरको प्रतिशत विवरण | ३० |
| ४.२ | विदेशमा उत्तरदाताले बिताएको समय | ३४ |
| ४.३ | उत्तरदाताको जातजातीयता अनुसारको संख्या र प्रतिशत विवरण | ३५ |
| ५.१ | वैदेशिक रोजगारको लागि सूचनाको स्रोत | ५४ |
| ६.१ | वैदेशिक रोजगारबाट कृषिमा परेको प्रभाव | ५९ |
| ६.२ | वैदेशिक रोजगारमा जानु अगाडि उत्तरदाताको घरको स्थिति | ६७ |
| ६.३ | वैदेशिक रोजगारमा गए पछाडि उत्तरदाताको घरको स्थिति | ६८ |
| ६.४ | वैदेशिक रोजगारप्रतिको दृष्टिकोण | ७६ |

# संक्षिप्त शब्दावलीको सूची

| | |
|---|---|
| कि.वा. | = किलोवाट |
| गा.वि.स. | = गाउँ विकास समिति |
| नि.मा.वि. | = निम्न माध्यमिक विद्यालय |
| ने.वि.प्रा. | = नेपाल विद्युत प्राधिकरण |
| नं. | = नम्बर |
| वि.क. | = विश्वकर्मा |
| भू.पू. | = भूतपूर्व |
| मे.वा. | = मेघावाट |
| सं.रा.सं. | = संयुक्त राष्ट्र संघ |
| त्रि.वि.वि. | = त्रिभुवन विश्व विद्यालय |
| AIDS | = Acquire Immune Deficiency Syndrome |
| CDMA | = Code Division Multiple Access |
| HIV | = Human Immune Virus |
| I.A. | = Intermediate in Arts |
| S.L.C | = School Leaving Certificate |
| V.C.D | = Visual Compact Disc. |
| V.C.R | = Video Cassette Recorder |